हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टर्स सेन्टर
लहान-६

यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

वर्ष : ०१ अंक : २०६ पृष्ठ : ४ २०७७ फाल्गुन १४ गते शुक्रबार (Friday 26 February 2021) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

**सखुवानन्कारकट्टीमा तेस्रो झण्डा महोत्सव आयोजना गरिने**

## झण्डा महोत्सव उद्घाटन गर्न माधव नेपाल सिरहा आउँदै

■ मणिलाल विश्वकर्मा

लहान । सिरहाको सखुवानन्कारकट्टी गाउँपालिका–५ महेशबारीमा शनिबारदेखि हुन लागेको 'सखुवानन्कारकट्टी तेस्रो झण्डा महोत्सव २०७७' को उद्घाटन गर्न नेपाल कम्युनिष्ट पार्टी दाहाल–नेपाल समूहका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री माधवकुमार नेपाल सिरहा आउने भएका छन् ।

गाउँपालिकाले बिहीबार पत्रकार सम्मेलनमार्फत् 'कला संस्कृति हाम्रो स्वभिमान, समृद्ध सखुवानन्कारकट्टी हाम्रो पहिचान' भन्ने मूल नारासहित १० दिनसम्म चल्ने महोत्सवको सम्पूर्ण तयारी पूरा भएसँगै नेकपा अध्यक्ष नेपाल उद्घाटनका लागि बिहीबार सखुवानन्कारकट्टी आउने जनाएको हो ।



स्थानीय कृषिलाई आधुनिकीकरण गर्न प्रोत्सान गर्ने, बालविवाह, दहेज प्रथा, लैंगिक हिंसा न्यूनीकरण, विद्यार्थीको क्षमता अभिबृद्धि, स्थानीय व्यवसाय प्रबर्द्धन तथा स्थानीय कला संस्कृतिको जगेर्ना गर्ने उद्देश्यले महोत्सवको आयोजना गरिएको गाउँपालिका अध्यक्ष तथा महोत्सव आयोजक मूल समितिका संयोजक केदारनाथ यादवले बताए ।

संयोजक यादवले महोत्सवले स्थानीय कृषि, शिक्षा, व्यसाय, कला संस्कृति जगेर्नामा महत्वपूर्ण योगदान पुर्‍याउने उल्लेख गरे । 'जिल्लाको महत्वपूर्ण स्थानमा रहेर आफ्नो ठाउँको सही पहिचान हुन नसकेको सन्दर्भमा स्थानीय पहिचानको लागि पनि महोत्सवको महत्वपूर्ण योगदान रहन्छ', अध्यक्ष यादवले भने ।

कृषि, कला संस्कृति, विकास तथा सुगमताका हिसावले सखुवानन्कारकट्टी उत्कृष्ठ भएपनि सही पहिचान हुन नसकेको भन्दै अध्यक्ष यादवले भने 'त्यसका लागि महोत्सवको तेस्रो संस्करण गर्न लागेका हौं ।' महोत्सव स्थलमा स्थानीय कृषि उपज, विभिन्न कृषि उपकरण, खाद्ययान्न तथा घरेलु प्रायोजनका सामग्रीहरूको एक सय वटा स्टलहरू रहने आयोजक समितिले जनाएको छ । सर्वसाधारणका लागि निःशुल्क प्रवेश रहेको महोत्सवको लागि गाउँपालिकाले विभिन्न शीर्षकमा ३४ लाख ५० हजार प्रस्तावित गरेको छ ।

## हरवा चरवाको मुक्ति पहिलो शर्त : वक्ताहरु

लहान । संघीय राजधानी काठमाडौंमा 'हरवा चरवा प्रथाको



मुक्ति र पुनःस्थापनाका अवसर तथा चुनौती' विषयक नीतिगत संवाद कार्यक्रममा वक्ताहरूले हरवा चरवाको मुक्ति पहिलो शर्त रहेको औंल्याएका छन् ।

राष्ट्रिय दलित नेटवर्कको आयोजना तथा बाध्यकारी श्रम अन्त्यका लागि पैरवी समूह ( फलेग) को सहकार्यमा आयोजित कार्यक्रममा प्रमुख अतिथि राज्यको निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन तथा मूल्यांकन समितिको सभापति निरा जैरूले कमैया तथा हलियाको मुक्ति र पुनःस्थापनाका कतिपय कामहरू सम्पन्न भई सकेको सन्दर्भमा हरवा चरवा प्रथाको तत्काल मुक्तिको घोषणा गरी पुनःस्थापनाको प्रक्रिया थालनी गर्नुपर्ने कुरामा जोड दिइन् । जनताका

बाँकी ४ पेजमा

फेब्रुअरी महिना : आयोडिन महिना


February :Iodine Month
नुन थोरै खाऔं तर सही मात्रामा आयोडिन भएको दुई बालबालिकाको चिन्ह भएको प्याकेटको नुन मात्र खाऔं ।

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
शाखा कार्यालय, लहान





फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# हाम्रो देशमा रेल अरे !

स्मारिका पौडेल



रेल त आयो तर, हामीले चढन पायौ र ? किन व्यवस्था नमिलेको रेल सञ्चालनको ? हाम्रो देशमा रेल आयो मात्र भाको छ । भित्र को व्यवस्था मैले के बुझ्छु र ? । कति किन र कसरी बुझ्ने फेरी म आम जनता म सरकारको व्यवस्था त के बुझ्छु र ? कती बुझ्ने हाम्रा प्रधानमन्त्रीका



व्यवस्था । खाली बसेर तलब खाने, भत्ता कमाउने र बोलेर रमाउने काम त हो नि सरकार ।

प्रचण्ड–नेपाल नाम मात्र प्रचण्ड काम चाहीँ फुच्चे दाल तरकारी नपुगे जस्तो देश विकास गर्नेलाई सरकार र शक्ती नै किन चाहिने । सत्ता र कुर्सीको राजनिति मात्र हो र ? जनताले कुनै पनि विकास नपाउने भाका छन् । जनता अशिक्षित छन होला । तर नेताहरूसंग भाषण गर्नु शिवाय काम केहि छैन । अनि मिडिया नेताले डकारेको हेर्नमा व्यस्त छ । सब टाप छन् । व्यवस्था गोल, अझ ठुलो बोल । त्यो रेल व्यवस्थापनका बारेमा कुनै जान्न पाए पनि त जनता आफैले केहि गर्थे । व्यवस्थामा बसेर, लौ हामीलाई साथ दिनुहोस हामी सघाउँला, हाम्रो पनि त देश हैन र ? किन नभनेका ? कस्तो भाँड भैलो । के नपाका ? नेताहरूले जनता कति अल्बारे । व्यवस्था भद्रगोल मलाइ रेलवे व्यवस्थापनको बारेमा बुझ्न मन छ । मलाई आफनो देशको व्यवस्थाले आकाश छोएको हेर्न मन छ । तर कसरी, कहिल्यै र कसले गर्छ ?

हाम्रो देशमा रेल आयो अरे ! भन्ने एउटा उक्ति मात्र बोल्न पाइन्छ । त्यो रेलको पूजा गर्न बाँकी छ अब, त्यती हो ।

रेल जनकपुरमा छ । नेपालको पहिलो रेल राणाशासनको पालामा स्थापना भएको थियो । रेल नेपाल सरकारको मातहतमा रक्सौल देखि अम्लेखगञ्ज सम्ममा स्थापना भएको थियो । यो रेल समान र मान्छे सार्न चलाइयो । १२ वटा कोच र ८ वटा डब्बा भएको त्यो रेल स्टिम इन्जिनबाट सञ्चालन हुन्थ्यो ।

दोस्रो रेल चाँहि जनकपुर–जयनगर रेलवे काठ दाउँरा ओर्सान र भारत र नेपाल बीच सम्बन्ध प्रगाढ पार्न काम लाग्यो । यो रेल चलाउने हाम्रो तेस्रो कोशिस हो । रेलको एउटा फाइदा के छ भने, त्यो एउटा सस्तो सुविधा हुन सक्छ । आय स्रोत कम भएको हाम्रो जस्तो मुलुकमा दोस्रो रेल चाहि पुर्व–पश्चिम राजमार्गको विकास पछि त्यती सञ्चालनमा आएन ।

जनकपुर–जयनगर रेल अहिल्यै सम्मका विकसित रेलवे व्यवस्थापनमा छ । यसले जनकपुर देखी भारतका जयनगरसम्म यात्रा तय गर्न मद्धत गर्छ । कोरोना महामारीको असर यसमा पनि परेको छ । जनकपुरबासी आफ्नो घर आँगनमा रेल आईपुगेकोमा उत्साहित त छन् तर सरकारले उनीहरूको उत्साह कति बरकरार राख्न सक्छ । नेपाल एउटा सानो विकासको अवस्थामा सुविधा कम र रसायनको व्यवस्था कम भएको देश हो । यस्तो अवस्थामा हामी अलि धैर्यवान हुन जरूरी छ ।

रसायन किन्नु पर्छ । सर सामान रसायनको अभावका कारण उत्पादन कम हुन्छ ।

यस्तै हो कमसेकम अब गरिब जनताले सस्तो सार्वजनिक सुविधाको आशा गर्न सक्नेछन् । ओलि सरकारलाई धन्यवाद ११

नेपालमा रेल आयो अरे ! भन्ने एउटा उक्ति बनेर नरहोस् । यो मेरो मात्र नभएर पुरा देशको कामना हो ।

यहि मेरो शुभकामना छ ।

# कथा

## घूस

उमेश रेग्मी

‘घूस नखुवाई प्रमोसन त पाएको पायै हो ?’

चामलमा सलबलाइरहेका घुन टिप्दै अनि नाक चेपार्दै झर्कोफर्को सुनाउँदै थिइन्, श्रीमती । म कान थापिरहेको थिएँ । उनी फेरि बोलिन्, ‘यत्रो भइसक्यो, त्यो हाकिम भनाउँदोको चाकरी गर्न थालेको । के लछारपाटो लाग्यो र ? हातमा नोटको बिटो बोकेर गएको भए हजूरको प्रमोसन दुई वर्षअगाडि नै भइसक्थ्यो । आफूभन्दा तलकाहरु प्रमोसनमाथि प्रमोसन पाएर कहाँकहाँ पुगिसके, हजूरचाहिू जहिले पनि त्यही खरदार पोस्टमा झुन्डिएर बस्नु । उहिल्यै मैले भनेको खेत बेचिदेऊ अनि आएको पैसा लगेर हाकिमलाई बुझाऊ, राम्रो ठाउूमा प्रमोसन भएदेखि कमाइ पनि राम्रो हुन्थ्यो । छरछिमेकमा इज्जत बढ्थ्यो । हजूरचाहि कानमा तेल हालेर बस्ने अनि अरूको प्रमोसन भयो, मेरो भएन भनेर गुनासो गर्ने ।’

‘बाउबाजेको निसानीका स्र्पमा भएको त्यही एउटा खेत पनि बेचेर भोलि छोराछोरीलाइ के दिनु ?’ भन्दै मैले बेच्न मानेको थिइनँ । फेरि, खेत बेचेको पैसाले ‘प्रमोसन पाइन्छ’ भन्ने के ग्यारेन्टी थियो र ? प्रमोसन पाइएन भने खेत पनि जान्छ अनि पैसा पनि । यही असमञ्जसले घरमा अक्सर मेरो र श्रीमतीको ठाकठुक पर्नेगर्छ । अनि, ‘खेतको लोभले गर्दा खरदारनी भएरै जिन्दगी बित्ने भो’ भन्ने उनको घुर्की सुन्नुपर्छ, आखिरीमा ।

सधैंको कचकच र घुर्कीबाट छुट्कारा पाउने उद्देश्यले पुराना साथी विनोदलाई फोन गर्ने विचार गरें । ऊ मभन्दा धेरै पढेको, देशविदेश घुमेको मान्छे । मलाई पक्का विश्वास थियो, ऊसूग मेरो समस्याको कुनै न कुनै हल जरूर छ । फोनमा हाम्रो बातचित सुरू भयो ।

**म** : ए १ विनोद, मैले तलको खेत बेच्ने विचार गरें । कोही ग्राहक तिम्रो नजरमा छ भने भन है ।

**विनोद** : किन बेच्न लाग्यौ त ?

**म** : घूस नखुवाई प्रमोसन हुने भएन । त्यसैले पैसाको इन्तजाम गर्न खेत नै बेचिदिऊ भनेर ।

**विनोद** : हे लाटा १ हाकिमलाई सोध्यौ, कस्तो घूस चाहिन्छ भनेर ?

**म** : घूस पनि यस्तो र उस्तो हुन्छ र ? घूस भन्या पैसा, मलाई त्यही चाहियो । आफूसित छैन, खेत नबेची भएन । कति सुन्नु तिम्रो भाउजुको कचकच ।

**विनोद** : ल सुन, घूस भन्या सधैं पैसा होइन । यसका पनि विभिन्न प्रकार अनि जाति हुन्छन् । मान्छे र परिस्थितिअनुसारको घूस ख्वाउन जान्नुपर्छ । घूस खाने र खुवाउने एउटा गजबको कला हो । हाम्रा देशका प्रायः सबैले यो कलामा विद्यावारिधि गरिसकेका छन् । तिमी कसरी अपवाद भएछौं ? बुझ्नै गाह्रो भो ।

**म** : अन्योलमा परें, साथी। मलाई त पैसाबाहेक घूसको अन्य प्रकारबारे केही जानकारी छैन । परिस्थितिअनुसार भिन्न घूस भनेको के हो ? घूसको पनि जाति हुन्छन र ? लौ न, मलाई त तिमीले खुलस्त पारिदिनुपयो । हाकिमलाई घूस दिएर प्रमोसन लिनैपर्ने भइसक्यो । बूढीको टोकसो एकतिर, अर्कोतिर जिन्दगीभर खरदारी जागिर, अब त डिप्रेसन होलाजस्तो भइसक्यो ।

**विनोद** : ल सुन, ध्यान दिएर । मुख्यतया यो राष्ट्रिय र अन्तर्राष्ट्रिय गरी दुई क्याटेगोरिका हुन्छन् । देशभित्रै हुने लेनदेन राष्ट्रिय घूसको क्याटेगोरीमा पर्छ भने कमिसनको नाममा देशका विभिन्न क्षेत्रमा विदेशी राष्ट्र अनि संघसंस्थासँग हुने लेनदेनचाहिँ अन्तर्राष्ट्रिय घूसको क्याटेगोरी हो । तिम्रो हाम्रो पहुँच अन्तर्राष्ट्रियमा हुनै सक्दैन, यो क्याटेगोरीका खेलाडी उच्चओहदामा बसेका व्यक्ति हुन्, उदाहरणका लागि देशका मन्त्री लिन सक्छौं । हामी राष्ट्रिय घूस क्याटेगोरीमै दाउपेच लडाइरहेका हुन्छौं र यही दाउपेचबाटै विभिन्न घूसका प्रकार जन्मिरहेका हुन्छन् । म तिमीलाई उदाहरणसहित भन्छु ।

**१ (पैसा)** : यो सबैभन्दा पावरफुल घूस हो । कामको प्रकृति हेरेर यो सानो, ठुलो अनि मझौला सबै प्रकारमा बर्गीकरण गर्न मिल्छ । कुनैकुनै काम सय रूपैयाँमै फत्ते हुन्छ, जस्तै बाटोमा प्रहरीले लाइसेन्स चेक गर्न खोज्दा सय रूपैयाँ अगाडि सारिदिनु केही गर्नै पर्दैन । गल्ती नै गरेको भए पनि तुरून्तै सजाय मिनाहा हुन्छ । तर, कुनै कामको मूल्य भने करोडौं हुन्छ ।



राजदूत नियुक्तिमा मन्त्रीले माग्ने रकम राष्ट्रिय ठुलो घूसको उदाहरण हो ।

**२ (सामान)** : पैसाको अतिरिक्त बहुमूल्य सामान पनि घूसका स्र्पमा प्रयोग हुन्छ, कतिपय अवस्थामा । कोसेली बोकेर हाकिमकहाँ धाउने प्रथा विकास यस्तै घूसको जन्म भएपछि भएको हो । विदेशी रक्सी, खसीबोकालगायत दिएर पनि काम फत्ते गर्न मिल्छ, ठाउँ अनि हाकिमको स्वभावअनुसार ।

**३ (नाता र सिफारिस)** : यो एउटा खतरनाक किसिमको घूसको प्रकार हो । यसका लागि तिम्रो नातेदार ठुलो ओहदामा हुन जरूरी हुन्छ । त्यसो भएको खण्डमा जस्तोसुकै सक्षम व्यक्ति पनि तिम्रासामु अक्षम ठहरिन्छ र तिम्रो काम हुन्छ, उसको हुँदैन । विदेशमा थोरै देखिए पनि हाम्रो देशमा यस्तो घूस व्याप्त छ । तिमीलाई थाहा नै छ, मन्त्रीका ओरिपरिका ओहाद सबै आफ्नै नातागोताले भरिएका हुन्छन् । यो घूसको कारण देशमा योग्यताको कुनै कदर बाँकी छैन । ठाउँमा मान्छे छ भने तिम्रो काम पनि हुन्छ, जागिर पनि हुन्छ, प्रमोसन पनि हुन्छ । तर, मान्छे छैन भने तिमीले अर्को प्रकारको घूस प्रयोग गर्नुपर्ने हुन्छ ।

**४ (विलाशिता)** : यो एउटा छुट्टै प्रकारको घूसको जाति हो । यसमा पैसाले त्यति महत्व पाउँदैन । हाम्रै छिमेकी मीराले आफ्नो प्रमोसनका लागि हाकिमसंग रात बिताएकी हैन र ? कति छिटो प्रमोसन पाएर अहिले मालामाल भएकी छे । त्यो रातको काण्डले गर्भवती भएकी थिइ रे ! पछि, एबोर्सन गर्नजाँदा डाक्टरलाई पनि त्यस्तै घूस ख्वाउनुपरेको थियो रे ! कुरा गोप्य राख्नुपर्ने शर्तमा ।

५ (डर अनि धम्की) : माथि वर्णन गरिएको विलासिता घूस बिग्रिएको अवस्थालगायत आफूभन्दा सामर्थवानको डरमा गर्न नहुने काम गर्नु नै यो घूसको विशेषता हो । तिमीले बिर्स्यौं, त्यही मीराले कसरी त्यो व्यापारीको नांगो तस्बिरको भरमा त्यत्रो घर ठड्याई । पत्रिकामा नै छापिएको थियो नि ! मीरालाई पुलिसले समातेको पनि हो नि तर के गर्नु ? उसमा थरिथरिको घूस ख्वाउने कला छ । छुटी हाली नि ! दुइ दिनमै ।

घूसका प्रकार अरू भए पनि अहिलेलाई तिमीलाई चाहिनेचाहिँ माथि वर्णन गरिएकामध्ये नै पर्छ । अब आफैं सोच, तिम्रो हाकिमलाई कस्तो घूस दिएमा काम बन्छ ?

विनोद मौन भयो । म भने सोच्नथालें, हाकिमलाई दिने घूसबारे ।*साभार : राजधानी डेलीबाट*


भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

–: जनहितका लागि :–

हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

लहानपोस्ट LAHANPOST DAILY


# आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- श्रमको उचित मुल्यांकन हुनेछ । मनमा हर्ष,उमङ्ग र उत्साह छाउनेछ । कला र गलाको प्रभाव बढ्नेछ । शुभ समाचार सुन्न पाइएला ।

**वृष** :- मन खिन्न हुने स्थिति आउनेछ । कार्य सम्पादनमा सहजता नमिल्ला । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । स्वास्थ्यप्रति सजक रहनु होला ।

**मिथुन**:- अरूलाई प्रभावित पारेर काम बन्नेछ । वाक्चतुर्याईंले संकल्प सिद्ध हुनेछ । आयआर्जनका क्षेत्रमा सुधार आउनेछ । पठनपाठनमा प्रगति हुनेछ ।

**कर्कट** :- आज विशिष्ट व्यत्तिको भेटघाटले मन प्रसन्न हुनेछ । सवारी साधनको खरिद बिक्री हुने योग छ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**सिंह**:- राज्यबाट मान सम्मान पाइनेछ । कुटुम्बको सहयोग मिल्नेछ । घरमा अतिथीको आगमन हुनेछ । बोलीको भरमा कार्य सम्पादन हुनेछ ।

**कन्या** :- प्रेममा बाधाका साथै मन कमजोर रहला । घर परिवारमा झै–झमेलाको अवस्था आउला । कार्यमा अवरोध आउला । दिनको उत्तरार्धमा धन खर्च हुनेछ ।

**तुला** :- आज पारिवारिक सद्भाव बढ्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । आकस्मिक धनलाभ हुनेछ । महिला वर्गबाट सहयोग पनि मिल्नेछ ।

**वृश्चिक** :- नोकरी तथा व्यवसायमा लाभ मिल्नेछ । आर्थिकस्तर माथि हुनेछ । रमाईलो यात्रा तथा मान सम्मान मिल्नेछ । अधुरो काम बन्न सक्छ ।

**धनु** :- आज इनाम र प्रतिष्ठा कमाउने बेलाछ । परिवारमा सुख सन्तोष छाउनेछ । धार्मिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने समय छ ।

**मकर**:- आज अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । शुभकार्यको चर्चा चल्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । प्रेममा सफलता प्राप्त हुनेछ ।

**कुम्भ**:- रोकिएको अधुरो कार्यले पूर्णता पाउनेछ । धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । रोमाञ्चक यात्रा होला । प्रेमीको सहयोग प्राप्त हुनेछ ।

**मिन** :- आज मायाँ प्रेममा सामिप्यता बढ्नेछ भने घर परिवार तथा आफन्तबिचको सम्बन्धमा सुधार भएर जानेछ । शुभ समाचार पनि सुन्न पाईएला ।

# कुहिएको अवस्थामा जंगलमा महिलाको शव फेला

**सिरहा ।** सिरहामा कुहिएको अवस्थामा महिलाको शव भेटिएको छ । मिर्चैया नगरपालिका-७ स्थित हरियो सामुदायिक वनमा बुधबार बिहान एक महिलाको शव फेला परेको हो ।

मृतकको पहिचान भने हुन सकेको छैन । अन्दाजी २५/३० वर्षकी मृतक महिलाले रातो कुर्ता, हरियो सुरूवाल, खुट्टामा पाउजु लगाएकी छन् । स्थानीय गोठालाहरूले जंगल जाँदा महिलाको लाश देखेपछि प्रहरीलाई खबर गरेका थिए । महिलाको शव भेटिएको जानकारी पाएपछि इलाका प्रहरी कार्यालय मिर्चैयाबाट खटेको प्रहरी टोलीले मुचुल्का गरेर शव ल्याएको छ । मृतकको शव पोष्टमार्टमका लागि लहान पठाइएको इप्रका मिर्चैयाका डिएसपी राजेन्द्र श्रेष्ठले जानकारी दिए । घटना सम्बन्धमा थप अनुसन्धान तथा मृतकका आफन्तको खोजीकार्य भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।



# कल्याणपुरमा वडा कार्यालय भवन शिलान्यास



**कल्याणपुर ।** कल्याणपुर नगरपालिका वडा नम्बर १० ले आफ्नै कार्यालय भवन निर्माण गर्ने भएको छ ।

कल्याणपुर नगरपालिकाका कार्यवाहक नगरप्रमुख रोहिणी कुमारी यादवले चारकोठे कार्यालय भवन निर्माणको शिलान्यास गरिन । वडा कार्यालय भाडामा सञ्चालित छ ।

कल्याणपुर नगरपालिकाका कार्यवाहक नगरप्रमुख रोहिणी कुमारी यादवले भवन निर्माणको शिलान्यास गर्दै नगरपालिका भित्र भौतिक संरचनाको अभाव भैरहेको समयमा आफु लगायत जनप्रतिनिधीहरूले भौतिक संरचनामा समन्वय गरेर नगरपालिका भित्र भौतिक संरचनालाई प्राथमिकता राखेर काम अगाडि बढाएको जानकारी दिइन । कार्यवाहक नगरप्रमुख यादवले आफनो कार्यकाल सम्ममा जनसमुदायको सेवा सुविधा सम्पन्न नगरपालिका बनाउनका लागि वडा कार्यालय र स्वास्थ्य चौकी लगायतको भौतिक निमार्ण पहिलो प्राथमिकता राखेको समेत बताइन् । पवडा कार्यालयको शिलान्यास कार्यक्रममा वडा अध्यक्ष धनविर मण्डलले समेत सहभागितामा संयुक्तरूपमा वडा कार्यालयको शिलान्यास गरिएको हो । कल्याणपुर नगरपालिका वडा नम्बर १० को वडा कार्यालयको भवन २० लाख नब्बे हजारमा निमार्ण हुने वडाध्यक्ष धनविर मण्डलले जानकारी दिए ।

# बीबीसी मास्टरसेफका फस्ट रनरअप सिरहाका सन्तोषलाई काठमाडौंमा स्वागत

**बी**बीसीको चर्चित रियालिटी सो मास्टरसेफ यूकेमा फस्ट रनरअप उपाधि हासिल गरेका सन्तोष शाह काठमाडौं आइपुगेका छन् । बिहीबार विहान त्रिभुवन विमानस्थलमा उनको भव्य स्वागत भयो । बाजागाजा र कुकको पोशाकमा सहभागीले उनलाई एयरपोर्टमा स्वागत गरेका थिए । मास्टरसेफमा कोदोको खीर लगायतका नेपाली परिकार बनाएपछि उनको चर्चा चुलिएको थियो ।

नेपाली खानालाई विश्वभर चिनाउने 'वर्ल्ड रोडम्याप' बनाएर आफू काठमाडौं आइपुगेको उनले विमानस्थलमा बताए । नेपालका पाँचवटा मौलिक परिकारलाई विश्वब्यापी बनाउने आफ्नो योजना रहेको उनले बताए ।

यसबारे आफूले पुस्तक लेखिरहेको र अनुसन्धानका लागि नेपाल आएको उनले जनाए । पाँचवटा भाषामा एकलाख प्रति पुस्तक प्रकाशन हुने उनले बताए । लन्डन र नेपालमा एकसाथ रेष्टुरेन्ट खोल्ने योजना रहेको उनले सुनाए । आउने पाँचवर्षमा ५० वटा सन्तोष जन्मने भन्दै उनले नेपाली पुर्खाको सम्मान गर्नुपर्ने बताए ।

सिरहामा जन्मिएका सन्तोष लामो समयदेखि बेलायतमा बस्दै आएका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

*शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :*

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

लहान नगरपालिका कार्यालय, सिरहा
कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा
सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा
धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा
सिरहा नगरपालिका कार्यालय, सिरहा

# सप्तरीको कुशहामा क्रिकेट प्रतियोगिता सुरू




**रोहित कुमार मण्डल**

**सप्तरी ।** सप्तरीको सुरूङ्गा नगरपालिका- ५ कुशहा स्थित रहेको खेल मैदानमा बुधबारदेखि क्रिकेट म्याच सुरू भएको छ ।

रोयल युवा क्रिकेट क्लब कुशहा सप्तरीको अयोजनामा संचालित क्रिकेट म्याचमा सिरहा तथा सप्तरीको १६ वटा क्रिकेट टिमहरू सहभगी भएका छन् । खेलको उदघाट्न सुरूङ्गा नगरपालिकाका नगर प्रमुख मुकिनाथ चौधरीले गरे ।

खेलको प्रथम तथा दृतिय पुरसकार स्थानिय समाज सेवी मोहम्द साबिर हुसेनले सहयोग गरेका छन् । उनले प्रथम पुरस्कार ५१ हजार तथा द्धितिय पुरस्कार ३१ हजार रूपैया प्रदान गरी सहयोग गरेका हुन् ।

खेलको उदघाट्न सत्रमा स्वागत मन्तव्य राख्दै पुरस्कार सहयोगकर्ता मोहम्द सबिर हुसेनले अगामी दिनमा समेत खेलाडीहरूको मनोबल बढाउन खेलकुदमा सहयोग गर्ने प्रतिवद्धता ब्यक्त गरे । क्रिकेट म्याचको उदघाट्न सत्रमा मोहम्द कलामुद्धिन, छेदि चौधरी, मोहम्द सदाम हुसेन लगायत वक्ताहरूले खेलकुद प्रति आ -आफना धारणा राखेका थिए । यस्तै सुरूङ्गा नगरपालिका- ५ का वडा अध्यक्ष अरूहुलिया देवी पासवानले वडा कार्यलयले समेत अगामी दिनमा खेलकुदको लागि रकम विनियोजन गर्ने प्रतिवद्धता व्यक्त गरिन ।

# कांग्रेसले नेकपाका दुवै समूहसँग तत्काल सहकार्य नगर्ने

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले नेकपाका दुवै समूहसँग तत्काल सहकार्य नगर्ने भएको छ ।

कांग्रेसको पदाधिकारी र पूर्वपदाधिकारी बैठकले यस्तो निष्कर्ष निकालेको हो ।

बैठकले नेपाल कम्युनिष्ट पार्टीका दुवै समूहसँग तत्काल सहकार्य नगर्ने निर्णय गरेको छ । नेपाल कम्युनिष्ट पार्टी नेकपाका कानुनी रूपमा एउटै भएका कारण उनीहरूले आधिकारिकता प्राप्त नगर्दासम्म सहकार्य नगर्ने निर्णय गरेको हो । कांग्रेस सहमहामन्त्री डा. प्रकाशशरण महतका अनुसार सरकारमा सहभागी हुने-नहुने वा नेकपाको कुन समूहसँग गठबन्धन गर्ने भन्ने विषयमा छलफल नगरेको जानकारी दिए । अहिलेसम्म कानुनीरूपमा नेपाल कम्युनिष्ट पार्टी एउटै छ र त्यो दलको संसदीय दलको नेता प्रधानमन्त्री केपी शर्मा ओली नै छन्, कांग्रेसका सह-महामन्त्री डा. प्रकाशशरण महतले भने, त्यसैले कुन नेकपासँग सहकार्य गर्ने, सरकारमा जाने कि नजाने जस्तो विषयमा हामी छलफलमै प्रवेश गरेका छैनौं ।

उनले त्यस्तो सहकार्यका विषयमा छलफल गर्नु कांग्रेसका लागि हतारो हुने बताए ।

उहाँहरू विभाजित भएर फरक-फरक पार्टी बनाउनुहुन्छ कि, फेरि ओलीजीकै निरन्तरता दिनुहुन्छ कि, विकल्प खोजेर कम्युनिष्ट पार्टीकै सरकार बनाउनुहुन्छ त्यो उहाँहरूले नै प्रष्ट पारिसकेको अवस्था छैन, डा. महतले भने, जब उहाँहरू नै प्रष्ट भइसक्नुभएको छैन, कानुनी आधार तयार पारिसक्नुभएको छैन भने हामीले सहकार्य गर्ने कि नगर्ने भन्ने कुरामा छलफल गर्नुको के औचित्य हुन्छ ? उनले उचित समय र आवश्यकता भए पनि कांग्रेसले परिपक्व निर्णय गर्ने बताए ।

प्रतिनिधि सभा विघटनपछि सर्वसम्मत निर्णय गरेको कांग्रेस आन्दोलनको मैदानमा भने विभाजित अवस्थामा मतका आधार बाँडिएको थियो । संविधानको रक्षाका पक्षमा उभिने कि चुनावका पक्षमा भन्दै रूमल्लिएको कांग्रेसको विवाद सर्वोच्चको फैसलापछि विवाद मत्थर भएको छ ।

# प्रदेश २ ...

प्रतिनिधिहरूले बोल्ने र नीति बनाउने थलो संसद् पुनःस्थापना भएको उल्लेख गर्दै जैरूले आफूहरूले आवश्यक पर्ने कानून निर्माणमा जोड दिने प्रतिबद्धता जनाइन् । 'कमैया र हलिया उस्तै समस्या भएपनि मुक्ति र पुनःस्थापनामा सरकारले ढिलाई गरेको छ' उनले भनिन् ।

कार्यक्रममा राष्ट्रिय दलित नेटवर्क नेपालका अध्यक्ष समेत रहेका दलित नेता गणेश विश्वकर्माले 'हरवा चरवा प्रथाको मुक्ति र पुनःस्थापनाका अवसर तथा चुनौती विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यक्रममा राष्ट्रिय सभाका सांसद सिंहबहादुर विश्वकर्मा र संविधानसभाका सदस्य परशुराम रम्तेलले हरवा चरवाको तत्काल मुक्ति गरी पुनःस्थापना गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा भूमि सम्बनधी समस्या समाधान आयोगका सदस्य सचिव लिलाप्रसाद शर्माले आयोगको विद्यमान कानूनी व्यवस्था र तयारीका विषयमा जानकारी गराउँदै हरवा चरवा जस्ता समस्याको सधैंका लागि समाधान गर्न आयोगले योजना बनाएको दावी गरे । कार्यक्रममा अन्तर्राष्ट्रिय श्रम संगठन, नेपालका प्रतिनिधि सौरव जोशी, द फ्रिडम फण्डका बालाराम भट्टराई, जिफण्टका सचिव र विद्यार्थी नेता किरण वि.क.लगायतका बक्ताहरूले आफ्ना विचारसहित सुझाव राखेका थिए ।

कार्यक्रममा नेपालमा बाध्यकारी श्रमको अवस्था उल्लेख गर्दै हरवा चरवाको मुक्ति र पुनःस्थापनाका उपायहरूको विषयमा स्वतन्त्रता अभियान नेपालकी प्रमुख ऋतु भट्ट राईले आफ्नो धारणा राखेकी थिइन् । कार्यक्रममा हरवा चरवाको नाममा रहेको अनुचित ऋणको खारेजीसहित मुक्तिको घोषणा गर्नुपर्ने, उनीहरूलाई कम्तिमा १० कठ्ठा जमिन सहित शिक्षा, स्वास्थ्यसहितको एकीकृत प्याकेजसहितको पुनःस्थापना गर्नुपर्नेमा जोड दिइएको थियो ।

## सर्टिफिकेट हराएको सूचना

**काकरभिट्टाबाट जनकपुर जाने मे.१ख. २२८४ नम्बरको मातृभाग्य रेखा वसमा मिति २०७७।११।०६ गते इटहरीबाट लहान आउने क्रममा बाटोमा नेहा गौतमको एस.एल.सी. र +२ को प्रमाण-पत्र हराएको हुँदा सो भेटाउनु हुने व्यक्तिले निम्न मोवाईल नम्बरमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।**

**सम्पर्क मोवाईल नम्बर :**

मो. ९८५२८३०२३७, ९८५२८३२३७६

## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

**बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा**
**नवराजपुर गाउँपालिका कार्यालय, सिरहा**
**लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा**
**सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा**
**अर्नमा गाउँपालिका कार्यालय, सिरहा**
**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**
**औरही गाउँपालिका कार्यालय, सिरहा**
**विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा**
**नरहा गाउँपालिका कार्यालय, सिरहा**




लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्युटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६४९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)